# प्रस्तावना र कृतज्ञता

कथा साहित्यको इतिहास मानव समाजको उद्‌भवसँगै भए तापनि आधुनिक कथाको उद्‌भव र विकास विशेष गरी आधुनिक कालमा नै भएको हो विद्वानहरूको विचार रहेको पाइन्छ। मानव सभ्यताको विकाससँगै कथाको विकास भएको पाइन्छ। विश्वका विभिन्न साहित्यमा झैं नेपाली साहित्यमा पनि आधुनिक कथा लेखन भर्खरै थालिएको पाइन्छ र शुरूमा कथा विधा अङ्ग्रेजी, हिन्दी, बङ्गला हुँदै नेपाली साहित्यमा प्रवेश भएको पाइन्छ।

आधुनिक नेपाली कथाको थालनी र विकासमा दार्जीलिङ् अञ्चलको ऐतिहासिक भूमिका रहेको पाइन्छ। दार्जीलिङ्को नेपाली साहित्य सम्मेलनबाट प्रकाशित **कथा कुसुम** (कथा सङ्ग्रह सन् १९३८)-को नेपाली कथा साहित्यको इतिहासमा छुट्टै महत्व छ र प्रस्तुत शोध प्रबन्ध पनि **कथा कुसुम** (सन् १९३८)-को प्रकाशनकाललाई नै समय-सीमा बनाएर दार्जीलिङ्का नेपाली कथाहरूको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन (सन् १९३८-१९९०) शीर्षक दिइ यस अवधिभित्र देखा परेका दार्जीलिङ्का नेपाली कथाका स्वच्छन्दतावाद, सामाजिक यथार्थ, मनोविश्लेषणवाद, आयामवाद, प्रयोगवाद र लीलालेखन जस्ता मुख्य मुख्य प्रवृत्तिहरूको चर्चा गरेर यस अवधिको प्रतिनिधि कथा कृतिहरूका विश्लेषण गरिएको छ।

यस शोध प्रबन्धमा कथा वा कथा-कृतिहरूको रचनाकाल र प्रकाशन जनाउन र कथाकारहरूको जन्म-मृत्यु साल जनाउन एतत इस्वी सन् प्रयोग गरिएको छ कतै कतै वि.स. पनिको उल्लेख गरिएको छ। प्रस्तुत शोध प्रबन्धमा कथाकारहरूका कथा सङ्ग्रहको उल्लेख मोटो अक्षरमा गरिएको छ।

यस शोध कार्यमा लागेका समयमा मलाई निरन्तर घचघच्याउँदै प्रेरणा, हौसला दिने मेरा श्रद्धेय गुरूज्यू शोध निर्देशक डा. प्रो. भीमकान्त उपाध्यायप्रति म आभारी छु। यस शोधकार्य पूर्ण गर्नमा मलाई निरन्तर प्रेरणा दिनु हुने श्रद्धेय गुरुमा (मलयादेवी उपाध्याय)-प्रति पनि म आभार प्रकट गर्दछु।

यस शोध कार्य पूरा गर्नमा मलाई हरप्रकारले सहयोग पुऱ्याउने, सर-सल्लाह दिने, सामग्री सङ्कलन गर्न सहयोग गर्ने एवं यो शोध कार्य पूरा गर्न प्रेरणा र प्रोत्साहन दिने मेरा आदरणीय गुरूजन, स्वजन र मित्रहरूप्रति पनि म कृतज्ञ छु।

यस शोध कार्यमा संलग्न रहेको समयमा मलाई बहुमूल्य सुझाउ र प्रेरणा दिने डा

लक्खीदेवी सुन्दास, डा. तुलसीबहादुर छेत्री, डा. जीवन नामदुङ, डा. घनश्याम नेपाल, हरेन आले, महानन्द पौड्याल, स्व. देवकुमार प्रधान, कुमार छेत्री, जेम्स कार्थकहरूप्रति म आभारी छु।

त्यस्तै यस शोध कार्यमा संलग्न रहँदा मलाई सरसल्लाह र दिशा निर्देश पनि गराइ दिनु हुने मेरा श्रद्धेय गुरुज्यू डा. मोहन पी. दाहालप्रति सदा आभारी छु।

यस शोध प्रबन्धका निम्ति चाहिने सामग्री सङ्कलन गर्दा मलाई सहयोग पुऱ्याउनेहरू हरेन आले, नगेन्द्रमणि प्रधान, डा. कुमार प्रधान, मोहन ठकुरी, रामलाल अधिकारी, चन्द्र शर्मा, योगवीर शाक्य, (शिक्षक सन्त अगस्टिन), के.बी. छेत्री (काइँला काका), निमपाल्देन लेप्चाहरूलाई पनि म यहाँ सादर सम्झना गर्दछु र उहाँप्रति पनि आभार प्रकट गर्दछु।

प्रस्तुत शोध कार्यका निम्ति मलाई एक वर्षसम्म विदा मिलाइ दिनु हुने पागाङ्ग गुम्बा उच्च विद्यालयका प्रधान अध्यापक श्री अम्बिकाप्रसाद शर्माप्रति म आभार प्रकट गर्दछु। यसका साथै मेरा आदरणीय गुरुजन एवं सहकर्मी मित्रहरू जसले यस कार्यमा निरन्तर प्रेरणा र उत्साह दिएर औपचारिक, अनौपचारिक रूपमा प्रत्यक्ष-प्ररोक्ष मलाई सहयोग पुऱ्याउनु भएको छ उहाँहरू सबैलाई पनि म यहाँ सादर सम्झना गर्न चाहन्छु।

प्रस्तुत शोध प्रबन्धका निम्ति चाहिने सामग्री सङ्कलन गर्न यथोचित व्यवस्था मिलाइ दिएर मलाई यस कार्यमा सहयोग पुऱ्याउने उत्तर बङ्गाल विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, (राजा राममोहन पुर), दार्जीलिङ्को देशवन्धु पुस्तकालय, नेपाली साहित्य सम्मेलनको पुस्तकालय, गोर्खा दुःख निवारक सम्मेलनको पुस्तकालय, दार्जीलिङ्को पान्दम वस्तीको उदय ग्राम लाइब्रेरी, चन्द्र शर्माको **अस्तित्व** प्रकाशनको लाइब्रेरी, दार्जीलिङ्को डा. पारषमणि प्रधान स्मारक शोध पुस्तकालय, कालेबुङको 'नेपाली साहित्य अध्ययन समिति'-को पुस्तकालय, सेन्ट्रल लाइब्रेरी, महकुमा लाइब्रेरी तथा योगवीर शाक्यको निजि पुस्तकालयका सम्बन्धित कर्मचारी, व्यवस्थापकहरू सबैप्रति पनि म आभारी छु। त्यस्तै यस शोध प्रबन्ध तयार गर्न मैले अध्ययन एवं उपयोग गरेका पुस्तकहरूका विद्वान-लेखकहरू एवं समालोचक, अग्रज गवेषकहरूप्रति पनि म हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

यस शोधकार्यमा संलग्न रहेको समयमा मेरो हौसला बढाइदिने र मलाई नित्य स्नेह र आर्शीवाद दिनु हुने मेरा बाबा तुलाराम बोगटी र आमा धनमाया बोगटीको नाम म यहाँ श्रद्धाका साथ उल्लेख गर्न चाहन्छु।

यस शोध कार्यमा संलग्न रहेको समय पारिवारिक बोझ, नानीहरूको स्वास्थ्य,

अध्ययन आदिको उत्तरदायित्व लिएर मलाई पर्याप्त समय एवं सुयोग दिएर प्रस्तुत शोध प्रबन्ध चाँड़ै पूर्ण भएको हेर्न इच्छा प्रकट गर्ने मेरी श्रीमती अन्जु थापालाई पनि बिर्सन सक्तिन। मेरो शोध कार्य चाँड़ै पूर्ण होस् भनेर मलाई समय दिएर मेरो घरको अभिभारा लिने सानो भाई तेजबहादुर छेत्री र बहिनी फूलमाया छेत्रीलाई सस्नेह सम्झना गर्दछु। त्यस्तै मेरो शोध कार्य चाँड़ै पूरा भएको हेर्न चाहने ससुरा दिलबहादुर थापालाई पनि सादर सम्झना गर्दछु। यो शोध प्रबन्ध टङ्कन-मुद्रण आदि गरिदिने भाइ शङ्कर छेत्रीको सहयोग पनि स्मरणीय छ।

ता: २६.११.०३

शोधार्थी

इन्द्रबहादुर छेत्री

इन्द्रबहादुर छेत्री